बर्जु गाँउपालिका, सुनसरीद्वारा प्रकाशित

# बर्जु राजपत्र

खण्डः १ संख्याः १० मितिः २०७६।०१।१५

## भाग -१

## बर्जु गाँउपालिका

**नेपालको संविधानको धारा २२६ बमोजिम तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ र बर्जु गाउँपालिका कार्यसम्पादन नियमावली २०७५ को नियम १३ बमोजिम गाउँसभाले बनाएको यो कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

# मानव बेचबिखन तथा ओसारपसार विरुद्ध समिति(गठन तथा परिचालन) सम्बन्धी निर्देशिका, २०७५

गाउँसभा वाट पारित मिति :२०७५।१२।२९
प्रमाणिकरण मिति :२०७६।०१।१५

**प्रस्तावना** : मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी कार्यहरुलाई योजनावद्ध रुपमा सञ्चालन गरी अपेक्षित परिणाम हासिल गर्न गाउँपालिका र वडा स्तरमा समितिहरूको गठन गरी परिचालन गर्न वाञ्छनीय भएकोले, बर्जुगाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (७)ले दिएको अधिकार प्रयोग गरी यो निर्देशिका तयार गरी लागू गरेको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ :** (१) यस निर्देशिकाको नाम “मानव बेचबिखन तथा ओसारपसार विरुद्ध समिति (गठन तथा परिचालन) सम्बन्धी निर्देशिका, २०७५” रहनेछ ।

(२) यो निर्देशिका बर्जुगाउँपालिका भर लागू हुनेछ ।

(३) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) “अध्यक्ष” भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ख) “गाउँपालिका” भन्नाले बर्जुगाउँपालिकासम्झनु पर्छ ।

(ग) “वडास्तरीय समिति” भन्नाले दफा ६ बमोजिम गठन हुने समितिसम्झनु पर्छ ।

(घ) “समिति” भन्नाले दफा ३ बमोजिम गठन हुने समितिसम्झनु पर्छ ।

## परिच्छेद - २

## समितिको गठन र काम कर्तव्य अधिकार

३. **समितिको गठन सम्बन्धी व्यवस्था** : (१) गाउँपालिकामा मानव वेचविखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी कार्यलाई नीतिगत मार्गदर्शन गर्न गाउँपालिकाका प्रमुखको प्रत्यक्ष निर्देशनमा रहने गरी देहाय बमोजिम गाउँपालिका स्तरीय एक समितिको गठन हुनेछ :-

(क) गाउँपालिकाका उपप्रमुख -अध्यक्ष

(ख) गाउँपालिकाको सबै वडाका अध्यक्षहरु - सदस्य

(ग) वडा सदस्यहरु मध्येबाट गाउँपालिकाले कम्तिमा तीन जना महिला सहित मनोनयन गरेको पाँचजना - सदस्य

(घ) स्थानीय प्रहरी प्रमुख - सदस्य

(ङ) स्थानीय माध्यमिक विद्यालयका शिक्षक एकजना - सदस्य

(च) स्थानीय रोजगार संयोजक - सदस्य

(छ) स्थानीय महिला र किशोरी सञ्जालको एक/एक गरी दुई जना प्रतिनिधि -सदस्य

(ज) महिला स्वास्थ्य स्वयंसेविका १ जना - सदस्य

(झ) स्थानीय बाल सञ्जालको प्रतिनिधि एकजना - सदस्य

(ञ) स्थानीय पत्रकार एकजना - सदस्य

(ट) मानव बेचबिखन विरूद्ध कार्यरत स्थानीय संघ संस्था वा व्यक्तिहरु मध्येबाट समावेशी सिद्धान्तका आधारमा अध्यक्षले मनोनित गरेका २ जना- सदस्य

(ठ) गाउँपालिकाका सामाजिक शाखाका प्रमुख -सदस्य-सचिव

(२) गाउँपालिका क्षेत्रभित्र मानव बेचबिखन तथा ओसारपसारबाट पीडित वा प्रभावितभएका व्यक्ति मध्येउपलव्ध भएमानिजको सहमतिले निजलाई अनिवार्य रुपमा सदस्यमा राख्नु पर्नेछ ।

(३) समितिले विषयवस्तुसँग सरोकार राख्ने व्यक्ति वा विज्ञलाई आफ्नो बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

४. **समितिको काम, कर्तव्य र अधिकार**: समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन :-

(क) मानव बेचबिखन तथा ओसारपसार विरूद्ध गाउँपालिका स्तरीय नीति, कार्य योजना, कार्यक्रम र बजेट तर्जुमा गरी नगरपालिका समक्ष पेश गर्ने,

(ख) स्वीकृत भएको नीति, कार्य योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने तथा कार्यान्वयनको अनुगमन गर्ने,

(ख) मानव बेचबिखन तथा ओसारपसार विरूद्ध तालीम सञ्चालन गर्ने तथा जनचेतना अभिवृद्धि गराउने,

(ग) मानव बेचबिखन तथा ओसारपसार विरूद्ध राष्ट्रिय, प्रदेश र जिल्ला स्तरका समितिसँग समन्वय, सहकार्य र सहयोग आदान-प्रदान गर्ने,

(घ) विदेशमा अलपत्र परेका पीडितको उद्धार गर्न तथा निजको सहमतिमा स्वदेश फर्काउन नेपाल सरकार लगायत विभिन्न निकाय समक्ष समन्वय गर्ने,

(ङ) गाउँपालिका क्षेत्रमा बेचबिखन तथा ओसारपसारको जोखिममा रहेका व्यक्तिको नक्सांकन गर्ने र आवश्यकता बमोजिम उद्धार, पुनर्स्थापना तथा पुनःएकिकरण गर्ने,

(च) उद्धार गरिएका पीडित तथा निजसँग रहेका नाबालकलाई तिनीहरुको पुर्नस्थापना तथा पारिवारिक पुनर्मिलन नहुञ्जेलसम्मकालागि सुरक्षा आवासमा राख्ने व्यवस्था गर्ने,

(छ) स्थानीय स्तरमा कुनै पुनर्स्थापना केन्द्र वा सुरक्षा आवास भएमा सोको अनुगमन गरी अनुसूचि-१ बमोजिमको ढाँचामा गाउँपालिक समक्ष प्रतिवेदन दिने,

(ज) जिल्ला समितिले बनाएको नीति र योजनासँग सामन्जस्यता कायम गरी कार्यक्रमको कार्यान्वयन गर्ने,

(झ) मानव बेचबिखन तथा ओसारपसारका बिरूद्ध स्वदेशी तथा अन्तर्राष्ट्रिय संघसंस्था, सरकारी निकाय, व्यावसायीक संस्था आदिबीच समन्वय गर्ने,

(ञ) मानव बेचबिखन तथा ओसारपसारसँग सम्वन्धित लगत तथा अभिलेख अद्यावधिक गर्ने र आवश्यकता अनुसार विभिन्न निकायमा पठाउने,

(ट) नेपाल सरकार, प्रदेश सरकार र अन्य संस्था/निकायसँग समन्वय गरी बेचबिखन तथा ओसारपसार प्रभावितका लागि राहत कोष स्थापना तथा सञ्चालन गर्ने,

(ठ) मानव बेचविखन तथा ओसारपसार विरुद्धको वडास्तरीय समितिलाई आवश्यक निर्देशन र सुझाव दिने,

(ड) गाउँपालिकाले समय समयमा तोके बमोजिमका अन्य कार्य गर्ने ।

५. **बैठक सम्बन्धी कार्यविधीः** (१) समितिको बैठक प्रत्येक चार महिनामा कम्तिमा एकपटक बस्ने छ ।

(२) समितिको बैठक अध्यक्षको निर्देशनमा सदस्य-सचिवले तोकेको मिति, स्थान र समयमा बस्ने छ ।

(३) कूल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकका लागि गणपुरक संख्या पुगेको मानिने छ ।

(४) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ तर निजको अनुपस्थितिमा दफा ३ को उपदफा (१) को खण्ड (ख) मा उल्लेखित सदस्यहरु मध्ये वरिष्ठ सदस्यले गर्नेछ ।

(५) समितिको बैठक सम्वन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. <u>वडा स्तरीय समितिको गठनसम्बन्धी व्यवस्था</u> : (१) गाउँपालिकाको प्रत्येक वडामा मानव वेचविखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी कार्य गर्न देहाय बमोजिम वडा स्तरीय एक समितिको गठन हुनेछ :-

| | | |
|---|---|---|
| (क) | सम्बन्धित् वडाका वडाध्यक्ष | -अध्यक्ष |
| (ख) | सम्बन्धित् वडाका सबै सदस्यहरु | - सदस्य |
| (ग) | प्रहरी चौकी प्रमुख | - सदस्य |
| (घ) | स्वास्थ्य स्वयंसेविका प्रतिनिधि १ जना | - सदस्य |
| (ङ) | स्थानीय पत्रकार एकजना | - सदस्य |
| (च) | मानव बेचबिखन विरूद्ध कार्यरत स्थानीय संघ संस्था वा व्यक्तिहरु मध्येबाट समावेशी सिद्धान्तका आधारमा वडा अध्यक्षले मनोनित गरेका २ जना | - सदस्य |
| (छ) | वडा कार्यालयका सचिव | -सदस्य-सचिव |

(२) वडा क्षेत्रभित्र मानव बेचबिखन तथा ओसारपसारबाट पीडित वा प्रभावितभएका व्यक्ति उपलव्ध भएमानिजको सहमतिले निजलाई अनिवार्य रुपमा सदस्यमा राख्नु पर्नेछ ।

(३) वडा स्तरीय समितिले विषयवस्तुसँग सरोकार राख्ने व्यक्ति वा विज्ञलाई आफ्नो बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

७. <u>वडा स्तरीय समितिको काम, कर्तव्य र अधिकार</u> : वडा स्तरीय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन :-

(क) मानव बेचबिखन तथा ओसारपसार विरूद्ध वडा स्तरीय योजना, कार्यक्रम र बजेट तर्जुमा गरी समिति समक्ष पेश गर्ने र समितिको निर्णय बमोजिम कार्यान्वयन गर्ने,

(ख) मानव बेचबिखन तथा ओसारपसार विरूद्ध जनचेतना अभिवृद्धि गराउने,

(ग) मानव बेचबिखन तथा ओसारपसार विरूद्धसमन्वय, सहकार्य र सहयोग आदान-प्रदान गर्ने,

(घ) वडा क्षेत्रमा बेचबिखन तथा ओसारपसारको जोखिममा रहेका व्यक्तिको नक्सांकन र आवश्यकता बमोजिम उद्धार गर्ने कार्यमा समितिलाई सहयोग गर्ने,

(ङ) पुनर्स्थापना केन्द्रको अनुगमन गर्न समितिलाई सहयोग गर्ने,

(च) समितिले बनाएको नीति र योजना अन्तर्गत रही कार्यक्रमको कार्यान्वयन गर्ने,

(छ) मानव बेचबिखन तथा ओसारपसारसँग सम्वन्धित लगत तथा अभिलेख अद्यावधिक गर्ने र आवश्यकता अनुसार समितिमा पठाउने,

(झ) कोषको सञ्चालन गर्न समितिलाई सहयोग गर्ने,

(ञ) मानव बेचविखन तथा ओसारपसार विरुद्ध टोल स्तरीय समिति गठन गरी काम, कर्तव्य, अधिकार निर्धारण गर्ने र सो समितिलाई आवश्यक निर्देशन र सुझाव दिने,

(ट) गाउँपालिका र समितिले समय समयमा तोके बमोजिमका अन्य कार्य गर्ने ।

८. **बैठक सम्बन्धी कार्यविधीः** (१) वडा स्तरीय समितिको बैठक प्रत्येक चार महिनामा कम्तिमा एकपटक बस्ने छ ।

(२) समितिको बैठक अध्यक्षको निर्देशनमा सदस्य-सचिवले तोकेको मिति, स्थान र समयमा बस्ने छ ।

(३) कूल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकका लागि गणपुरक संख्या पुगेको मानिने छ ।

(४) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ तर निजको अनुपस्थितिमा वडा सदस्यहरु मध्ये ज्येष्ठ सदस्यले गर्नेछ ।

(५) समितिको बैठक सम्वन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद - ३

## कोष सम्बन्धी व्यवस्था

९. **समितिको कोषः** (१) समितिको नाममा एउटा छुट्टै कोष रहनेछ र सो कोषमा देहाय बमोजिमका रकमहरू रहनेछन्ः-

(क) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाबाट प्राप्त रकम,

(ख) स्वदेशी व्यक्ति, संघ संस्था वा निकायबाट प्राप्त रकम,

(ग) अन्तर्राष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट अनुदान स्वरुप प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) समितिले उपदफा (१) को खण्ड (घ) बमोजिमको कुनै रकम प्राप्त गर्नु अघि गाउँपालिकाको स्वीकृति लिनु पर्नेछ ।

(३) समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(४) समितिको कोषमा रहेको रकम कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(५) समितिको कोषको सञ्चालन नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

१०. **लेखा र लेखा परीक्षणः** (१) समितिको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम राखिनेछ ।

(२) समितिको आन्तरिक र अन्तिम लेखापरीक्षण प्रचलित कानून बमोजिम

११. **बैठक भत्ता :** समितिर वडास्तरीय समितिका सदस्यहरूले बैठकमा भाग लिए बापत प्रचलित नियमानुसार बैठक भत्ता पाउनेछन् ।

## परिच्छेद - ४

## विविध

१२. **वार्षिक प्रतिवेदन पेश गर्नेः** वडा स्तरीय समितिले वर्षभरिमा आफूले गरेको काम कारबाहीको प्रतिवेदन समिति समक्ष र समितिले गाउँपालिका समक्ष आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र पेश गर्नुपर्नेछ ।

१३. **अधिकार प्रत्यायोजनः** समितिले आफूलाई प्राप्त अधिकारहरूमध्ये आवश्यकताअनुसारकेही अधिकार अध्यक्षले, सदस्य, सदस्य-सचिव वा गाउँपालिकाको कुनै कर्मचारीलाई निर्णय गराई प्रत्यायोजन गर्न सक्नेछ ।

१४. **निर्देशन दिने:**गाउँपालिकाले समितिको काम कारबाहीका सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिइएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

१५. **संशोधन गर्न सकिने** : यस निर्देशिकालाई गाउँपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

१६. **बाधा अड्काउ फुकाउने अधिकार** : यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा आई परेमा गाउँ पालिकाका प्मुखको सहमतिमा समितिले फुकाउन सक्नेछ ।

१७. **प्रचलिन कानून बमोजिम हुने** : यस निर्देशिकामा उल्लेख गरिएका व्यवस्थाहरु संघीय र प्रदेश कानूनसँग बाझिएको खण्डमा बाझिएको हदसम्म संविधान र प्रचलित कानून बमोजिम हुनेछ ।

## अनुसूची-१

(दफा ४ को खण्ड (छ) सँग सम्बन्धित)

### पुनर्स्थापना केन्द्र / सुरक्षा आवासको अनुगमन प्रतिवेदन

मानव बेचविखन तथा वेचविखन विरुद्धको समितिको मिति ........................ निर्णयानुसार म/हामीलाई देहायको पुनर्स्थापना केन्द्रको अनुगमन गर्न खटाइएकोमा सो बमोजिम अनुगमन गरी देहायको प्रतिवेदन पेश गरेको छु/छौं ।

१. पुनर्स्थापना केन्द्रको नाम र ठेगानाः

२. पुनर्स्थापना केन्द्रमा रहेका पीडितहरुको संख्याः

(क) बालक

(ख) बालिका

(ग) महिला

(घ) अन्य

३. प्रचलित कानून बमोजिमको मापदण्डको पालनाको स्थितिः

(क)

(ख)

(ग)

४. पुनर्स्थापना केन्दलाई यस अघि दिइएका निर्देशनको पालनाको स्थिति

५. अन्य आवश्यक कुराहरु

६. राय सुझाव

**अनुगमनकर्ताको**

नाम, थर : पद :

हस्ताक्षर : मिति :

आज्ञाले

रामचरीत्र मेहता

प्रमुख प्रशासकीय अधिकृत